उन्नत कृषि, शिक्षित परिवार । स्वास्थ्य, सम्बृद्धि युवा रोजगार
उर्जा, सिंचाई, उद्यमी जनता । बलरा बासी के इहे इच्छा ।

बलरा नगरपालिकाको १७ औं नगरसभा अधिवेशनमा कार्यवाहक नगर प्रमुख

श्री कोशिला देवी ज्यू द्वारा प्रस्तुत

आ.व.२०८३।०८४ को

# नीति तथा कार्यक्रम

र

# आय-व्ययको अनुमानित बिबरण

## बलरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलरा, सर्लाही

मधेश प्रदेश, नेपाल

२०८३ साल आषाढ ०९ गते मंगलवार



CamScanner

# बलरा नगरपालिका

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

### कार्यवाहक नगर प्रमुख ज्यू द्वारा नगरसभामा प्रस्तुत सम्बोधन

**माननीय प्रमुख अतिथि ज्यू, नगरसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजनीतिक दलका प्रतिनिधिहरू, सुरक्षा निकाय, सञ्चारकर्मी, बुद्धिजीवी, नागरिक समाजका अगुवा तथा सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरू।**

आज यस गरिमामय नगरसभामा बलरा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरेको छु ।

सर्वप्रथम, नेपालको लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते, बेपत्ता योद्धा तथा परिवर्तनका सम्पूर्ण सहयात्रीहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**नगरसभा सदस्य ज्यूहरू,**

नेपालको संविधानले परिकल्पना गरेको समुन्नत नेपालको राष्ट्रिय आकांक्षालाई स्थानीय तहको नेतृत्व मार्फत व्यवहारमा रूपान्तरण गर्ने महत्वपूर्ण जिम्मेवारी हामी माथि आएको छ। यस जिम्मेवारीलाई आत्मसात गर्दै बलरा नगरपालिकाले जनताको जीवनस्तर उकास्ने, रोजगारी सिर्जना गर्ने, आर्थिक उत्पादन बढाउने तथा स्वस्थ जनशक्ती सहित सामाजिक न्याय सुनिश्चित गर्ने उदेश्य सहित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरेको छ ।

हामीले अब उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी अर्थतन्त्रतर्फ रूपान्तरण गर्नुपर्छ। कृषिमा आधारित हाम्रो नगरको समृद्धिको आधार कृषि आधुनिकीकरण, कृषि प्रशोधन, उद्योग विकास तथा मानव पूँजी निर्माण नै हो । यस्तो भएका हुँदा सम्पूर्ण बलरा नगरवासीको आकाँक्षालाई प्रतिविम्वित गर्ने उदेश्यका साथ नीति तथा कार्यक्रम तयार गरिएको छ । समग्रमा यस नीति तथा कार्यक्रम बलरा वासीको विकासको दस्तावेज हुनेछ ।

कार्यवाहक नगर प्रमुख

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## क. विकासको मूल आधार : कृषि क्रान्ति

१. बलरा नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा निर्भर रहेको यथार्थलाई मध्यनजर गर्दै आगामी वर्षलाई "कृषि उत्पादन तथा मूल्य अभिवृद्धि वर्ष" का रूपमा अघि बढाइनेछ।

२. किसानको खेतदेखि बजारसम्मको सम्पूर्ण मूल्य श्रृंखलालाई व्यवस्थित गरिनेछ ।

३. किसानको लागि आवश्यक मल वीउ लगायत कृषि सामग्री सहज रुपमा उपलब्ध गराउन समन्वयात्मक रुपमा कार्य गरिने छ ।

४. जैविक मलखाद समुचित प्रयोगको लागि कृषकहरुलाई विज्ञहरुबाट तालिमको व्यवस्था मिलाईनेछ ।

५. सिचांई कार्यक्रमको लागि किसानलाई कृषि मिटरको लागत व्यहोर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

६. कृषि उत्पादन बढाउन तथा माटोको उर्वराशक्ती पत्ता लगाउन माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. प्रत्येक वडामा "एक वडा, एक उत्पादन" कार्यक्रम लागू गरिनेछ ।

८. वैमौसमी तरकारी खेतीका लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ । जसबाट कृषकहरुलाई उच्च प्रतिफल प्राप्त हुनेछ ।

९. तरकारी, धान, गहुँ, मकै, दलहन, उखु तथा तेलहन बालीको व्यावसायिक उत्पादन विस्तार गरिनेछ ।

१०. कृषि यान्त्रिकीकरणका लागि ट्रयाक्टर, पावर टिलर, थ्रेसर तथा आधुनिक कृषि उपकरणमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कृषि बीमा तथा किसान परिचयपत्र कार्यक्रमलाई प्रभावकारी रूपमा निरन्तरता सहित कार्यान्वयन गरिनेछ ।

१२ बलरा नगर भित्रको सिंचित क्षेत्रमा चैते धान प्रवर्दन कार्यक्रम सञ्चालन गरिनेछ ।



कार्यवाहक नगर प्रमुख

१३ उत्कृष्ट कृषकहरुलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१४ पशुपालन गर्ने कृषकहरुलाई प्रोत्साहित गरि उत्पादनको बजारीकरणमा सहयोऊ पुर्याइनेछ ।

१५ कृषि विधुतीकरण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

## ख. कृषि प्रशोधन तथा औद्योगिकरण

१६. हाम्रो किसानले उत्पादन गरेको वस्तुको मूल्य वृद्धि गर्न कृषि प्रशोधन उद्योग स्थापना गरिनेछ । जसबाट कृषकहरुलाई उचित मूल्य प्राप्त हुनेछ ।

१७. विशेषगरी फलफूल तथा तरकारी डीहाइड्रेसन उद्योग स्थापना गरी किसानको उत्पादनलाई वर्षभरि बजारयोग्य बनाई उपभोक्ताको पहुच सम्म पुर्याईनेछ ।

१८. धान, मकै, गहुँ तथा तेलहन बालीमा आधारित साना तथा मझौला उद्योगलाई प्रोत्साहन गरिनेछ ।

१९. युवा तथा महिलाहरूलाई उद्यमशीलतामा आकर्षित गर्न “नगर उद्यम विकास कोष” स्थापना गरिनेछ ।

२०. पशु पंक्षिको परंपरागत रुपमा गराइने गर्भधारणको सट्टा कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. पशुपन्छिको स्वास्थ्य परिक्षण गरि आवश्यकता अनुसार औषधी उपचारको व्यवस्था मिलाईनेछ ।

२२. पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ र कृषकहरुलाई पशुपालन तथा पशुपन्छिबाट उत्पादित सामाग्रीको व्वस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।

## ग. रोजगार र युवा नीति

२३. हाम्रो प्राथमिकता युवालाई विदेश होइन स्वदेशमै उचित रोजगारीको अवसर दिने हो। तसर्थ नगरका कार्यक्रमहरु युवा लक्षित हुनेछन ।

२४. सीप विकास तालिम, उद्यमशीलता कार्यक्रम तथा स्टार्टअप प्रवर्द्धन कार्यक्रम समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ।

२५. कम्तीमा ५०० नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ।



कार्यवाहक नगर प्रमुख

२६. श्रमको सम्मान राष्ट्रको अभियान क्रियाकलाप संचालन गरिनेछ ।

२७. बलरा नगरपालिकाका नगर स्तरिय खेलाडीहरुलाई प्रोत्साहन गर्न बलरा नगरपालिका भित्रका खेलाडीहरु विच मेयर कप र उप-मेयर कप क्रिकेट टुर्नामेन्ट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## घ. शिक्षा क्षेत्र सुधार

२८. शिक्षा विकासको आधारस्तम्भ हो । यसले मानिसको चेतनालाई उजागर गर्ने हुँदा कुनै पनि नगरवासी व्यक्ति शिक्षाबाट बन्चित हुनु नपर्ने गरी शैक्षिक कार्यक्रम सञ्चालन हुनेछन ।

२९. सामुदायिक विद्यालयको गुणस्तर सुधार गरिनेछ । यसले गर्दा विद्यार्थीहरुको सिकाईको स्तर तथा नतिजामा थप बढोत्तरी हुनेछ ।

३०. विद्यार्थी भर्ना गर्न उत्साहित गरि भर्ना पछि विद्यार्थी टिकाउने र सिकाउने नीति अवलम्वन गरिनेछ ।

३१. डिजिटल शिक्षण प्रणाली लागू गरिनेछ।

३२. प्रत्येक विद्यालयमा इन्टरनेट पहुँच विस्तार गरिनेछ।

३३. सफा स्वच्छ सुन्दर विद्यालय निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

३४. गुणस्तरिय शिक्षाका लागि शिक्षकहरुलाई समयानुकुल तालिम प्रदान गरिनेछ ।

३५. विद्यालयको अभिलेख व्यवस्थापन कार्य गरिनेछ ।

३६. SEE तथा कक्षा १२ को नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३७. प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइनेछ।

३८. सार्वजनिक विद्यालयमा अध्यनरत विधार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रमलाई अगाडी बढाईनेछ ।

३९. आधारभुत सिकाइ (Foundational Learning) प्रवर्दन कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड व्यवस्थापन गरिनेछ ।

४१. नगरपालिकामा एउटा पुस्तकालयको स्थापना र व्यवस्थापन गरी सर्वसाधारणहरुलाई पुस्तकालय प्रयोगको लागि उत्साहित गरिने छ ।

४२. विद्यालयमा कम्प्युटर शिक्षकलाई IEMIS सम्बन्धी तालिम प्रदान गरि विद्यालयको अभिलेख अध्यावधिक गरिने छ ।

४३. पढ्दै कमाउँदै सिप मुलक शिक्षामा जोड दिईनेछ ।

४४. सिकाई उपलब्धि राम्रो भएका नमूना विद्यालयका असल अभ्यासहरु अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ।

## ङ. स्वास्थ्य क्षेत्र

४५. "स्वस्थ नागरिक, समृद्ध नगरपालिका" हाम्रो मूल मन्त्र हुनेछ ।

४६. नगर अस्पताललाई स्तरोन्नति गरिनेछ ।

४७. विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिनेछ । यसका लागि समन्वयात्मक रुपमा वडास्तर सम्म स्वास्थ्य शिविर समेत सञ्चालन गरिनेछ ।

४८. सुत्केरी सेवा सुरक्षित बनाउँदै मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

४९. ज्येष्ठ नागरिक तथा विपन्न वर्गका लागि निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

५०. समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

५१. स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि PAMS V2 सम्बन्धी अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ ।

५२. क्षयरोगका जोखिम समूह तथा स्वास्थ सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि. बिरामीका घरपरिवारका सदस्यहरुको सम्पर्क परीक्षण गरिनेछ ।

५३. "म स्वस्थ्य मेरो सामुदाय स्वस्थ " घरटोलमा स्वास्थ्य प्रवर्दन कार्यक्रम संचालन गरिनेछ ।

५४. मातृ तथा नवजातशिशु कार्यक्रम संचालन गरिनेछ ।

५५. सुरक्षित मातृत्वको कार्यक्रमलाई प्रभावकारी बनाउदै "पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा अभियान", तथा क्याल्सियम र आयरन चक्की वितरण कार्यक्रमलाई समेत निरन्तरता दिइनेछ।

५६. योग, ध्यान, व्यायाम, आयुर्वेदिक उपचार पद्धती लगायत प्राकृतिक चिकित्सा मार्फत नगरवासीहरुको स्वास्थ्य सुनिश्चितता गर्ने व्यवस्था मिलाइनेछ ।

## च. सिँचाइ तथा जलस्रोत विकास

५७. कृषिको उत्पादन बढाउन तथा भूमिलाई उर्वर बनाउने मुख्य आधार सिँचाइ हो । यसका लागि सिंचाई सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।

५८. वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ नहर विस्तार, ट्युवेल तथा बोरिङ निर्माण तथा सौर्य सिँचाइ कार्यक्रम समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ।

५९. कृषियोग्य जमिनको ८० प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुर्याउने लक्ष्य राखिएको छ।

६०. सुदामा सिंचाई ब्यारेजको आधुनीकिकरण कार्य र नयाँ नहर तथा नाला निर्माण कार्यलाई निरन्तरता दिईनेछ । यसका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

६१. सिंचाईलाइ व्यवस्थित बनाउँदै नदि नियन्त्रण कार्यलाई पनि प्राथमिकता दिइनेछ ।

## छ. पूर्वाधार विकास

६२. सडक, पुल, खानेपानी, विद्युत तथा सञ्चार पूर्वाधारलाई तीव्र गतिमा विस्तार गरिनेछ ।

६३. सडक कालोपत्रे, ढलान तथा स्तरोन्नति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६४. कृषि सडक निर्माण तथा मर्मत सम्भार गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

६५. चालु योजनाहरुलाई प्राथमिकतामा राखि कार्यान्वयनमा लगिनेछ ।

६६. पालिका भित्रका सडकहरुलाई वातावरण मैत्री वनाउन हरियाली सडक बनाउने तर्फ विशेष प्राथमिकता दिइनेछ ।

६७. नगरपालिकाभित्र रहेका विभिन्न सडकहरुमा आवश्यकता अनुसार ठाउँ ठाउँमा पुल/कलभर्ट निर्माण गरिनेछ ।

६८. प्रत्येक वडामा ओभरहेड ट्याङ्की निर्माण गर्न पहल गरिने छ ।

६९. नगर क्षेत्रभित्र एउटा खेलकुद मैदान/कभर्ड हल समेत निर्माण कार्यको लागि पहल गरिनेछ।

कार्यवाहक नगर प्रमुख

## ञ. महिला तथा सामाजिक समावेशीकरण

७०. महिला उद्यमशीलता कोष स्थापना गरिनेछ।

७१. दलित, जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

७२. महिला उदमशिलता विकास सहजीकरण केन्द्र संचालन गरिनेछ ।

७३. नगरपालिका स्तरीय बाल संरक्षण समिति, बाल सञ्जाल र बाल क्लव पदाधिकारीहरुको आवश्यकताका आधारमा ज्ञान, सीप तथा क्षमता विकास गर्ने कार्य अगाडि बढाइनेछ।

७४. संघीय सरकारको घोषणा अनुसार बालश्रम मुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक पर्ने कार्यक्रमहरु अगाडि बढानेछ ।

७५. हिसांपीडित महिला तथा बालबालिकाको राहत, उद्दार एवं पुनःस्थापनाको लागि आवश्यक कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

७६. बाल विवाह मुक्त वडा घोषणा कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ ।

७७. समाजमा रहेका विध्यमान विकृति, विसंगति र महिलाको समग्र बिकास लगायतका विषयमा महिला तथा किशोरी लक्षित कार्यक्रम संचालन गर्ने ब्यवस्था मिलाईनेछ ।

७८. बालबालिका तथा युवा लागु पदार्थ दुर्वयसन न्युनिकरण तथा सचेतना कार्यक्रम वा सुरक्षित भोलिः लागु औषधमुक्त विद्यालय तथा समुदाय अभियान संचालन गर्ने ।

७९. "एक वडा एक ज्येष्ठ नागरिक विश्रामस्थल" अवधारणा अनुसार बलरा नगरपालिकामा चौपारी निर्माण गरीनेछ ।

८०. बाल विवाह मुक्त पालिकाको लागि आवश्यक तयारी गरी घोषणा गरिनेछ ।

८१. २० वर्ष पूरा गरेकी र स्नातक उतिर्ण गरेकी किशोरीको विवाहमा आर्थिक सहयोग उपलब्ध गराईनेछ ।

८२. मनोसामाजिक अपाङ्गता भएका वा अन्य मनोसामाजिक व्यक्तिका लागि मनोसामाजिक परामर्श तालिमको व्यवस्थापन गरिनेछ ।

## झ. वातावरण संरक्षण

८३. वातावरण प्रदुषण तापक्रम वृदि लगायतका समस्याहरुलाई न्यूनीकरण गर्न समन्वयात्मक रुपमा हरित बलरा अभियान सञ्चालन गरिनेछ।

८४. नगर क्षेत्रलाई हराभरा बनाई वातावरण मैत्री बनाउने उद्येश्यका साथ बलरा नगर क्षेत्र भित्र वृक्षारोपण कार्यक्रम निरन्तर रुपमा विस्तार गरिनेछ।

कायिवाहक नगर प्रमुख

८५. जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि वातावरणमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।

### ञ. सुशासन तथा डिजिटल सेवा

८६. न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त बनाइनेछ । यसका लागि आवश्यक पर्ने पूर्वाधार एवं तालिमको समेत व्यवस्था मिलाईनेछ ।

८७. नगरपालिकाको सम्पूर्ण सेवा प्रणाली क्रमशः डिजिटल बनाइनेछ।

८८. नागरिकले सहज, छिटो तथा पारदर्शी रुपमा सेवा प्राप्त गर्ने वातावरण निर्माण गरिनेछ।

८९. कर्मचारीलाई उत्प्रेरित गर्ने वृत्ति विकास एवं दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ ।

९०. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ।

९१. कर्मचारीहरुलाई सार्वजनिक खरिद लगायत क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. नगरपालिका भित्र सञ्चालित आयोजनाको नतिजामुखी अनुगमन तथा सामाजिक परिक्षण गरिनेछ ।

९३. पालिकाको क्षेत्राधिकार भित्रका थप कानूनहरु निर्माण गरिनेछ । साथै प्रचलित कानून, नियम तथा कार्यविधिलाई आवश्यकता अनुसार समानुकुल हुने गरी संशोधन तथा परिमार्जन गरिनेछ ।

### ट. घटना दर्ता तथा सामाजिक सुरक्षा

९४. राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको आयोजना र बलरा नगरपालिकाको समन्वय र सहजिकरणमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र नम्बरलाई VSESP -MIS प्रणालीमा प्रविष्टि गर्ने काम गरिनेछ ।

९५. पुरानो घटना दर्ताहरुको अभिलेखलाई डिजिटाईजेशन गर्ने कार्य गरिने छ ।

९६. सबै वडामा दर्ता शिवीर संचालन गरिने छ र घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बितरण सम्बन्धि अभीमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

९७. सामाजिक सुरक्षा भत्ता EFT बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्थालाई UPDATE गरि राखिने छ ।

९८. ९० वर्ष माथि र पूर्ण अपांग तथा असक्त लाभग्राहीहरुलाइ बैंकको कर्मचारी दवारा घर घरमै गइ सामाजिक सुरक्षा भता बितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## ठ. खाध तथा पोषण

९९. पोषणमैत्री स्थानिय शासन प्रवर्दन गरिनेछ ।

१००. कुष्ठ प्रभावित तथा अपाङ्गता भएको व्यक्ति भएका समुहका लागि आय आर्जन कार्यक्रम गरिनेछ ।

## ड. पर्यटन तथा सँस्कृति :

१०१. नगर भित्र रहेका धार्मिक स्थलहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

१०२. नगर भित्रका धार्मिक स्थलहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

१०३. स्थानिय जात्रा पर्व मेलाहरुलाई प्रोत्साहन गरिनेछ । जसको माध्यमबाट स्थानिय संस्कृतिको संरक्षण तथा प्रचार प्रसार हुने छ ।

## ढ. सूचना प्रविधि सम्बन्धी नीति

१०४. बलरा नरपालीकाको सवै मा.वि विद्यालयहरुमा एकिकृत सूचना व्यवस्थापन प्रणाली जडान गरिने साथै ई-हाजिरि डिमाईस जडान तथा संचालन गरी ICT मा आधारीत Monitoring and evaluation गरिने व्यवस्था मिलाईनेछ ।

१०५. नगरपालिकामा रहेका बैठक कक्षहरुलाई ICT मैत्री बनाई live video conferencing गर्ने व्यवस्था मिलाईनेछ र नागरिकले पाउनु पर्ने सूचनाहरुलाई web portal तथा mobile app बाट पाउने व्यवस्था गरिनेछ ।

१०६. योजना व्यवस्थापन, घर नक्शा पाश प्रणालीलाई प्रभावकारी तवरले संचालन गरि डिजिटल सिनेचर प्रयौग गरि paperless service मा जोड दिईनेछ ।

१०७. विद्युतिय नगर प्रोफाईल प्रणालीलाई अध्यावधिक गरि Dynamic platform संचालन गरिनेछ ।

१०८. कर्मचारी व्यवस्थापन प्रणाली (HRM system) तथा योजना अनुगमन र प्रतिवेदन व्यवस्थापन प्रणाली लाई प्रयोग गरि डाटालाई व्यवस्थित गरिनेछ ।

१०९. जि.आई.यस (Spatial GIS Mapping) घर नक्शाङकन तथा म्याट्रिक्शमा आधारित कार्य अगाडी बढाईनेछ ।

११०. विद्युतिय नागरिक बडापत्र (Digital Citizen Boards) ११ वटै वडा कार्यालयहरुमा जडान गरिने प्रवन्ध मिलाईनेछ ।

## ण. फोहरमैला तथा विपद व्यवस्थापन सम्बन्धी नीति

१११. फोहरमैला व्यवस्थापनमा नमुना कार्य गरि पुरस्कृत यस नगरपालिकाको फोहर व्यवस्थापन दिगो रुपमा नै व्यवस्थित बनाउन निरन्तर आवश्यक नीतिगत, प्रकृयागत एवं प्रविधिगत सुधार गरिने छ।

११२. खानेपानीको श्रोत जोगाउन नगरमा पुराना पोखरीहरुको संरक्षण तथा नयाँ श्रोतहरुको अध्ययन गरिने छ ।

११३. बाढी, पहिरो आगलागी लगायतका विपद् जन्य घटनाबाट विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि उचित प्रबन्ध मिलाइनेछ।

११४. विपदबाट विस्थापितहरुलाई पुनः स्थापित गर्न संघ र प्रदेशसँग साझेदारी गरिनेछ

११५. जलबायु अनुकुलनका योजनाको निर्माण र कार्यान्वयन गरिनेछ ।

## त. न्यायिक समिति सम्बन्धी नीति

११६. सबै वडामा दक्ष मेलमिलापकर्ताको लागि तालिम प्रदान गरिनेछ ।

११७. सबै वडास्तरिय मेलमिलाप केन्द्रलाई भौतिक रुपले व्यवस्थित बनाउन जोड दिईनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३/०८४ को अनुमानित बजेट पेश गर्न गईरहेको छु ।

कार्यवाहक नगर प्रमुख

कौशिला

## आ. व. २०८३/०८४ को निति तथा कार्यक्रम र अनुमानित बजेट

| क्र सं | शिर्षक | श्रोत | रकम |
|---|---|---|---|
| १ | समानिकरण अनुदान | संघीय सरकार | १२६४००००० |
| २ | ससर्त अनुदान चालु | संघीय सरकार | २३९६८९००० |
| ३ | ससर्त अनुदान पुँजीगत | संघीय सरकार | ७६००००० |
| ४ | विशेष अनुदान | संघीय सरकार | ० |
| ५ | सम्पुरक अनुदान | संघीय सरकार | १२२००००० |
| ६ | राजस्व बांडफाड | संघीय सरकार | ११३२८३००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | संघीय सरकार | १८००००००० |
| ८ | समानिकरण अनुदान | प्रदेश सरकार | ८८४३००० |
| ९ | ससर्त अनुदान | प्रदेश सरकार | २०००००० |
| १० | विशेष अनुदान | प्रदेश सरकार | २०००००० |
| ११ | राजस्व बांडफाड | प्रदेश सरकार | ८००६००० |
| १२ | स्थानिय श्रोत | स्थानिय नगरपालिका | ३०००००० |
| १३ | चालु आ व २०८२/८३ बाट बचत | संघीय सरकार समानिकरण तथा राजस्व बांडफाड | १०००००००० |
| | **कूल जम्मा** | | **७१३०२१०००** |
| | | | |

कौशिला

कार्यवाहक नगर प्रमुख

कौशिला

**बजेट बांडफाड**

| | | | |
|---|---|---|---|
| १ | वडा नं १ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| २ | वडा नं २ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ३ | वडा नं ३ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ४ | वडा नं ४ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ५ | वडा नं ५ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ६ | वडा नं ६ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ७ | वडा नं ७ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ८ | वडा नं ८ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ९ | वडा नं ९ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| १० | वडा नं १० को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| ११ | वडा नं ११ को योजनाहरु | संघीय सरकारको समानिकरण अनुदान बाट | ६५००००० |
| १२ | ७ जना कार्यपालिका सदस्यहरुलाई | संघीय सरकारको समानिकरण अनुदान बाट | ९१००००० |
| | वडबाट संचालन गरिने योजनाहरु | | ८०६००००० |
| | नगरपालिकाबाट संचालन गरिने योजनाहरु | वडा कार्यालयका येजनाहरु बाहेक सबै शिर्षकका बजेट | ६३२४२१००० |
| | **कूल जम्मा** | | **७१३०२१०००** |

कौशिला

कार्यवाहक नगर प्रमुख

मानननीय सदस्यज्यूहरू,

हामीले प्रस्तुत गरेको यो नीति तथा कार्यक्रम केवल कागजी दस्तावेज होइन, बलरा नगरपालिकाको आर्थिक, सामाजिक तथा भौतिक रूपान्तरणको स्पष्ट मार्गचित्र हो।

यसको सफल कार्यान्वयनका लागि नगरसभा सदस्य, कर्मचारी, निजी क्षेत्र, सहकारी, नागरिक समाज तथा सम्पूर्ण नगरवासीको सक्रिय सहभागिता आवश्यक छ।

हामी सबैको साझा प्रयासबाट समृद्ध, आत्मनिर्भर, आधुनिक र विकसित बलरा नगर निर्माण गर्न सक्नेमा म पूर्ण विश्वस्त छु।

अन्त्यमा, नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, विज्ञ तथा नगरवासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रममाथि रचनात्मक सुझाव तथा समर्थनको अपेक्षा गर्दछु।

कार्यवाहक नगर प्रमुख

**धन्यवाद ।**